Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

वेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

योजना शाखा
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.नं. ०७४/७५
च.नं. ११३९

मिति :- २०७५/०९/२०

विषय :- फोहर राख्ने भाँडा (Dust Bin) खरिद सम्बन्धि सिलबन्दि दरभाउ-पत्र आह्वानको सूचना ।

प्रथम पटक प्रकाशित मिति :- २०७५/०९/२०

बेसीशहर नगरपालिका नगरकार्यपालिकाको निर्णय बमोजिम नगरक्षेत्रभित्रका बजारहरुमा फोहर संकलन तथा व्यवस्थापन गर्ने कार्यका लागि **फोहर राख्ने भाँडा (Dust Bin)** खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सबाट निम्न लिखित शर्तहरुका अधिनमा रही आफ्नो फर्म/संस्था दर्ता/नविकरण प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र/स्थायी लेखा प्रमाणपत्र, नागरिकताको प्र.प. तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित आवश्यक कागजातहरु संलग्न गरी रितपुर्वक पेश गर्न शिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ ।

देहाय

ठेक्का नं.	विवरण	न्युनतम अङ्क अग्रिम आ.क. र मु.अ.क. बाहेक	दरभाउ-पत्र फाराम दस्तुर	धरौटी रकम	दरभाउ-पत्र खरिद गर्ने अवधि
०७५/०७६/०९	SWING BIN 32Ltr. (५०० गोटा)	८,००,०००।००	१०००। (एक हजार)	कबोल अंकको ५% (पांच प्रतिशत)	१५ दिन भित्र
	SQUARE SWING BIN 40Ltr (५०० गोटा)				
	Dust Bin मा टाँस्ने स्टिकर (१००० गोटा)				

शर्तहरु

१. दरभाउ-पत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म रु.१०००। (एकहजार) मात्र (पछि फिर्ता नहुने) तिरी नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी दरभाउ-पत्र १६ औं दिन दिनको १२.०० बजे भित्र तोकिएको धरौटी सहित दर्ता गराइसक्नु पर्नेछ ।
३. दर्ता हुन आएका शिलबन्दी दरभाउ-पत्रहरु विभिन्न प्रतिनिधिहरुको रोहवरमा सोही दिनको २.०० बजे खोलिनेछ । दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएमा दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन ।
४. धरौटी बापत जम्मा गर्नुपर्ने रकम नगरपालिकाको रा.बा.बैंक बेसीशहर स्थित च.हि.नं. ग ३ धरौटी ३०४०३०३००७१०४ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
५. कुनै शर्त राखिएको, रित नपुगेको, हुलाकबाट पठाइएको, शिलबन्दी नगरेको, प्रतिलिपी प्रमाणित नगरिएको, दरभाउ-पत्र माथि कुनै कारबाही हुनेछैन ।
६. दरभाउ-पत्रमा दररेट उल्लेख गर्दा स्पष्ट बुझिने र केरमेट नगरी अंक अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ ।
७. दरभाउ-पत्र खरिद गर्ने, दर्ता गर्ने, तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सो कार्य लगतै कार्यालय खुलेको दिनमा गरिनेछ ।
८. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । साथै कार्यालयको फोन नं. ०६६-५२०१५० मा जानकारी लिन सकिनेछ ।

भीमप्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत